हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY



मो. ९८०५९६१००६

जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।



वर्ष : ०१ अंक : १६० पृष्ठ : ४ २०७७ पुस २७ गते सोमबार (Monday 11 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost


# दुर्गम गाउँमा बिजुली पुगेपछि हर्षित

लहान । नगरपालिकामा गाँभिएपनि वर्षौदेखि अध्यारोमा बस्न बाध्य सिरहाको उत्तरवर्ती चुरेक्षेत्र लहान नगरपालिका–१६ स्थित आधा दर्जन बस्तीमा बल्ल बिजुली पुगेको छ ।

गाउँमा बिजुली पुगेपछि सिरहाको उत्तरवर्ती चुरे क्षेत्रका आरिदमार, आहाले, बरदमार लगायत आधादर्जन बस्तीकावासी हर्षित बनेका छन् । नगरपालिकाको वडास्तरीय बजेट र विद्युत प्राधिकरणको पहलमा बस्तीमा बिजुली पुगेपछि ती क्षेत्रका १ सय ६ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् । जिल्लाको उत्तरवर्ती विकट चुरे क्षेत्रका





ती बस्ती बाटघाटो, खानेपानी, बिजुली, सञ्चारमात्र होइन आधारभूत स्वास्थ्य सेवाबाट समेत वञ्चित थिए । तरेगना गोविन्दपुर गाविसबाट लहान नगरपालिकामा परिणत भएपछि नगरपालिकाले ती बस्ती पुग्न सडक सञ्जाल बिस्तार गरेको छ । सडक पुगेपनि बिजुली नपुग्दा ती वडाका गाउँहरू रातमा उज्यालोका लागि सोलार

बाँकी ३ पेजमा

# अवैध रकमसहित पक्राउ

लहान । स्रोत नखुलेको अवैध रकम सहित प्रहरीले सिरहा हकपाराका एक जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार चेकजाँचका क्रममा स्रोत नखुलेको अवैध रकम ३१ लाख ८९ हजार रूपैयाँसहित सिरहा नगरपालिका–२२ का ३९ वर्षीय शिवनाथ यादवलाई पक्राउ गरेको हो।

पक्राउ परेका यादवसहित नगद कारबाहीका लागि ललितपुरस्थित सम्पत्ती शुद्धिकरण विभागमा पठाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।


## बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, ७ फिट भन्दा अग्लो टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३–५६०२१९

मोबाइल नम्बर : ९८४२८२७२४७


## सूचना ! सूचना !! सूचना !!!

नेपाल रेडक्रस सोसाइटी लहान उपशाखा लहान, सिरहाले उपशाखा सभाको बार्षिक साधारण सभाको लागी आबद्ध यशस्कर, बिशिष्ट तथा आजिवन सदस्यहरुलाई अनुरोध छ कि निम्न मिति, समय र स्थानमा सहभागी भई कार्यक्रम सफल पार्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

तपसिल
मिति : २०७७ पौष २९ गते बुधबार
समय : दिउँसो १२:३० बजे देखि
स्थान : उपशाखाको सभाहल (लहान अस्पताल कम्पाउण्ड भित्र)

आयोजक
ने.रे.सो. लहान
उपशाखा लहान, सिरहा

### नरहा गापाको चौथो गाउँसभा
# ‘सबैको साथ, सबैको विकास’ नै मूल ध्येय

बद्री नारायण यादव

सिरहा । अविकसित ग्रामीण भेगको रूपमा रहेको नरहा गाउँपालिकाको विकासमा सबैको साथ रह्दै आएको हुँदा ‘सबैको साथ, सबैको विकास’ भन्ने नाराका साथ आफू अघि बढ्दै आएको नरहा गाउँपालिकाका अध्यक्ष रामशरण यादवले बताए । नरहा गाउँपालिकाको चौथो गाउँसभामा बोल्दै उनले त्यस्तो कुरा बताएका हुन् ।




सबैको सकारात्मक सहयोगको बलमा विगतका वर्षहरूमा सफलतापूर्वक काम

बाँकी ३ पेजमा





Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229






## फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# मातृभूमीको चित्कार

डा.शामरथ सिंह राई



समय द्रुत गतिमा गईरहनु भनेको ज्ञानले अपेक्षाकृत बोध हुनु हो । यधपी यस कुरालाई पाठकीय हेराई, सामग्री हेराई वा आउथारोरियन हेराइमा समिक्षा गर्ने हो भने सबैको परिमाण सापेक्षतामा निर्धारित हुन्छ, झन यस हेराईमा मनोविश्लेषणात्मक धार असिमिलेट गर्ने हो भने दाल, भात, तरकारी, दहिको भोजनमा आलसको अचार थपेको झैं हुन्छ ।

यसप्रकारको पाँच्य भोजन सदावहार बन्छ । यसले शरीरलार्य ताजगी बनाई दिन्छ । समयको द्रुत गतिमा हामी यस पाकलाई बिर्सिदिने गर्छौ । हामी नेपाली अर्काको भुक्त भोगिबाट नक्कल गरी केही निर्माणको काममा रिसेट गर्न चाहन्छौं । हुन त, यस्तो प्रयोग प्राचीन कालबाट चल्दै आएको रीत हो । हाम्रो नेपालमा त झन यो अचेतक अवस्थामा गर्भित भएको छ । सपनाको योजना फैन्सीमा सोच्ने गर्दछौं ।

संसारमा हेर्ने हो भने झ्वाट्ट केहीपनि प्रस्फुटन थिएन, हुँदैन । अंग्रेजी साहित्य समालोचक तथा कवि टि एस एलियटले बडो मार्मिक अवस्थामा कल्पनाले मात्र कविता वा रचना बन्दैन भनेर १९ औं शताब्दी तिर साहित्यीक जगतलाई अचम्मित पारेका थिए । संसारलाई वस्तुहरूको नै आफ्नो सम्पर्कको तरिकाले कविताको प्रक्षेपण हुन्छ भनेका थिए । कवि, नेता वस्तु झैं जनताहरू भएन भने क्याटेलाईट हुँदैन । प्राचीनकालमा पनि विश्व इतिहासमा विउल्फ एउटा महान पौराणिक शक्तिवान मानिस देखा परे, जसले देश र जनता, संस्कृति, सभ्यतालाई हरक तगर्ने दानवलाई धाराशायी बनाई दियो । प्यारो जीवनलाई जनताको शत्रु भनि एकरति पनि नाई भनेन र राक्षसको आमालाई प्राण हरण पारी, आफू पनि देहावसन भए । यस्तै, वोडिपस रेकस नाउँ गरेका राजा (छोरा अनडिसगाईज्ड) मा शासन चल्दा खेरी त्यस देशमा प्रलय, भय र राजालाई अन्धा पुजारीबाट तिमी त रानीको छोरा कसरी श्रीमान् बन्न पुग्यौं त भनी रहस्य उदघाटन भएपछि पापबाट पूण्य अवतरण हुनलाई ट्रैजडीको पूला भएर मात्र उ होली हुन्छ । तसर्थ आफ्नो प्रिय दुइटै आँखाहरूलाई फोरी अन्धा भई दुःखमय जीवन व्यति तगर्न थाल्छ । कत्रो ठूलो कष्ट झेल्दैं, भोग्दै हिड्दा सारालाई जाहिर भयो र देश पुनः सदावहार बन्न पुग्यो ।

राजाको प्रमाणित हुन्छ, त्याग, बलिदान । आफैले आधार गलत गरेको कुरा आत्म आलोचना गरी दु :ख भोग्ने हो भने यो संसार, देश, कलह, भ्रान्ती, आपसी मन मोटाउ पर जान्छ । विश्व चर्चित लेखकहरूले हामीलाई यस्तो साना साना धोखा, आडम्बरी, आत्मरति राष्ट्रियता, अश्लिलता लिप्त भएर बस्नुपर्ने कदापी होइन । यस्तै, अहिलेकै सन्दर्भमा हाम्रा देशका बालबच्चा, आमा बाबु, सबै विग्रहमा छन् । तर यस देशका सपुत नेताहरूको बाह्य मन्त्रले मन्त्रमुग्ध बनाइ्र दिशाहीन बनाएको छ ।

आखिर एकै पार्टीमा टुक्रा-टुक्रा हुँदै जाने हो भने दुवैतर्फ पहिलेको राजाले पश्चातापको लागि आफ्नो आँखाहरू फुटाए र प्रकृतितिर फर्के, जनताहरूमा शान्ती छाए झैं हुनेछ । तर हाम्रो परिवेशमा त्यो पनि हुनसत्तैन । हेला, देश टुक्रिन्छ, शासकहरू लखेटिन्छ । ती जनताहरूले कहिले नबिर्सने गरी सराप्ने छन् । यो छाडावादको प्रयो हो । जुन मानवीय मूल्य, मानिस विरोधी नै चलखेल हो । तसर्थ देश, जनताको माया छ, हो भने सबै प्रधानमन्त्री भइसकेकाहरू एक टेबलमा बसी हाँसी हाँसी तिमी यो लेउ, म यो लिन्छु भनी काँधमा काँध मिलाउ । आफू बाँच, देश बचाउ, अमरत्व लेउ ।

# मृत अवस्थामा फेला

**सिरहा ।** दुई दिनदेखी हराईरहेका सिरहा अर्नमा गाउँपालिका–१ बुढिया चापमा ५५ वर्षीय राजकुमार ठाकुर शनिबार बेलुका गाउँ नजिकैको रहर बारीमा मृत अवस्थामा फेला परेका छन् ।

प्रहरीका अनुसार शुक्रबार अपरान्हबाट हराईरहेका अवला भन्ने करिव ५५ वर्षिय राजकुमार ठाकुरको शव शनिबार बेलुका गाउँ नजीकैको रहरी बारीमा फेला परेको हो । शरिरको विभिन्न भागमा चोटहरू देखिएको उनलाई हत्या गरी फाँलिएको हुन सक्ने प्रहरीले जनाएको छ । प्रहरीले घटनाको अनुसन्धान भईरहेको जनाएको छ ।

# त्यो विघटन, यो विघटन

जगत नेपाल



प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरेपछि मुलुकको राजनीतिक दिशा अनिश्चित भएको छ । सबैको ध्यान प्रतिनिधि सभा पुनःस्थापनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतले कस्तो फैसला गर्ने हो भन्नेतिर सोझिएको देखिन्छ ।

यस्तै अवस्था २०५९ जेठ ८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले संसद् विघटन गरेपछि पनि देखिएको थियो । फरक यतिमात्र छ त्यति बेला देउवाको सिफारिसमा राजाले मध्यरातमा संसद् विघटन गरेका थिएभने यसपटक ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले एका बिहानै भंग गरेकी छन् ।

दुवैपटकको विघटन पार्टीको आन्तरिक किचलोका कारण भए । त्यो बेला तोकिएको मितिमा चुनाव हुन सकेन । यसपटक के हुन्छ हेर्न बाँकी छ । त्यति बेला पनि नेपाली कांग्रेस पार्टीको आधिकारिकता र चुनाव चिह्न रूख सभापति गिरिजाप्रसाद कोइराला र प्रधानमन्त्री देउवामध्ये कसले पाउने भन्ने विवाद लामै समय चल्यो । अन्ततः कोइराला पक्षले आधिकारिता पायो । यसपटक नेकपाको सूर्य चिन्ह्मा ओली र दाहाल–नेपाल पक्षको सशक्त दाबी छ ।

संयोगले नै मान्नुपर्ला देउवाले मध्यावधि घोषणा गर्दा चुनावपछि ठूलो दल बन्ने आशामा तत्कालीन नेकपा (एमाले)ले विरोध गरेन । यति बेला ओलीको घोषणालाई सार्वजनिक खपतका लागि बाहेक देउवाले विरोध गरेका छैनन् ।

यो आलेख देउवाले गरेको विघटनमा केन्द्रित रहनेछ ।

कांग्रेसभित्रको आन्तरिक किचलोका कारण २०५९ साल जेठ ८ गते देउवाले मध्यरातमा संसद् भंग गरी मध्यावधि निर्वाचनको सिफारिस गरे । मन्त्रिपरिषद्को सिफारिसमा राजाले संसद् विघटन गर्ने व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ मा थियो । तर, देउवा सरकारका प्रायः सबै मन्त्रीले सदन भंग भएको घोषणा भोलिपल्टको समाचार सुनेर वा पढेरमात्र थाहा पाए ।

कांग्रेसमा सभापति गिरिजाप्रसाद कोइरालाको समूहले सरकारलाई काम गर्न नदिएकाले दरबारको सहयोगमा सैन्य शक्ति प्रयोग गरेर हिंसात्मक विद्रोहमा संगल्न माओवादीलाई कमजोर बनाउने र चुनावमा जाने मार्गचित्र देउवाको थियो । तर संसद्को मृत्युपत्रमा हस्ताक्षर गराएपछि राजदरबारले उनको उपयोगिता समाप्त भएको ठानेको थियो । अर्कोतर्फ दरबार र संसदवादी दललाई एक आपसमा भिडाएर शक्ति बढाउने खेलमा माओवादी थिए । खासमा दरबार संसद्वादीलाई माओवादी र माओवादीलाई संसद्वादीको भूत देखाएर शान्ति स्थापनाको जस आफैं लिन चाहन्थ्यो ।

प्रहरीको मनोबल खस्किएको थियो र शान्ति सुरक्षाको अवस्था भयावह भएकाले चुनाव हुन्छ भन्ने धेरैलाई विश्वास थिएन । गृहमन्त्री खुमबहादुर खड्का जसरी पनि चुनाव गराउनुपर्छ नत्र राजाले 'कु' गर्छन् भन्ने विश्वासमा थिए । उनकै बलमा असोज १२ गते सरकारले छ चरणमा चुनाव गराउने निर्णय गर्‍यो । लगत्तै प्रहरी महानिरीक्षक प्रदीपशमशेर राणाले चुनावमा सुरक्षा दिन सक्ने स्थिति नभएको अभिव्यक्ति दिए ।

यस परिपेक्षमा शान्तिपूर्णरूपमा कसरी निर्वाचन गराउने भन्ने विषयमा छलफल गर्न असोज १३ गते सरकारले बोलाएको सर्वदलीय बैठक एकाएक चुनाव सार्ने एजेन्डामा प्रवेश भयो । चुनाव सार्ने विषयमा छलफल हुने भएपछि गृहमन्त्री खड्का स्वयं बैठक बहिस्कार गरेर बाहिरिए । अनि संसद्मा प्रतिनिधित्व गर्ने ८ दलले निर्धारित समयमा चुनाव हुन नसक्ने निष्कर्ष निकाल्दै संविधानसम्मत विकल्प खोज्न प्रधानमन्त्रीलाई सिफारिस गर्‍यो ।

त्यति बेला दरबारले सेनामार्फत माओवादी हिंसाका कारण चुनाव हुन नसक्ने भएकाले सार्न राजामा सिफारिस गर्नु उचित हुन्छ भनेर दबाब बढाएको थियो । त्यही बेला माओवादीको हिंसात्मक गतिविधि र सुरक्षा चुनौतीका कारण चुनाव गराउन नसकिने भन्दै राजनीतिक तहबाट निर्णय हुनुपर्छ भन्ने सेनापती प्रज्ज्वलशमशेर राणाको भनाइ मिडियामार्फत सार्वजनिक भयो । देउवा के गर्ने भन्ने निर्णयमा पुग्नसकेका थिएनन् । त्यही मौकामा चुनावको मिति सार्न नमाने देउवालाई बर्खास्त गर्ने संकेत दरबारले दिइसकेको थियो । असोज पहिलो सातातिरै राजाले प्रधानमन्त्रीलाई राजीनामा गर्न भनिसकेका थिए ।

देउवा सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ता आफ्नो पुस्तक 'अख्तियारको थुना मेरो सम्झना' मा लेख्छन् त्यसपछिका दिनमा प्रधानमन्त्री र मन्त्रीहरूबीच राजाले चाल्न सक्ने कदम बारे छलफल भयो । त्यो दिन प्रधानमन्त्री देउवा उदास थिए । उनले राजासँगको आफ्नो वार्तालाप मन्त्रीहरूलाई यसरी सुनाए ।

ज्ञानेन्द्र : पीएम तोकिएको समयमा निर्वाचन हुन सक्दैन । तसर्थ कृपया तपाई राजीनामा गरिदिनुहोस् । म फेरि तपाईंकै नेतृत्वमा सबैलाई मिलाएर अर्को सरकार बनाइदिन्छु । तपाई सरकार चलाउनुहोस् । नयाँ पार्टी (नेपाली कांग्रेस (प्रजातान्त्रिक))लाई वलियो बनाउनु होस् ।'

देउवा : सरकार मलाई सोच्नका लागि केही समय बक्सियोस् ।

राजा र प्रधानमन्त्रीको अर्को भेट युवराज्ञी हिमानीको जन्म दिनका अवसरमा नारायणहिटी दरबारमा आयोजित पार्टीमा भयो । त्यस दिन प्रधानमन्त्री देउवालाई सपत्नी डिनरमा बोलाएर राजाले पुनः राजीनामाका बारे सम्झाएका थिए ।

देउवा : संसद्बाट छानिएको प्रधानमन्त्रीले कसरी राजीनामा गर्ने ? सरकार म राजीनामा दिन सक्दिन । सरकारबाट उपयुक्त कदम चालिबक्सियोस् । मैले राजीनामा गर्न मिल्दैन ।

ज्ञानेन्द्र : पीएम आइदर यु टेक माई एडभाइस अर यु विल बी सर्प्राइज (प्रधानन्त्री कि मेरो सल्लाह मान होइन भने तिमी चकित हुनेछौ ) ।

राजाको चर्को दबाबपछि असोज १६ गते मन्त्रिपरिषद्ले संविधानको धारा १२७ अनुसार संवैधानिक बाधा अड्चन फुकाउन र चुनावको अर्को मिति तोक्न राजालाई सिफारिस गर्‍यो ।

राजाको आशय बुझेर नै देउवाले मन्त्रिपरिषद्बाट चुनाव सार्न सिफारिस गर्ने निर्णय गराएका थिए ।

यस सन्दर्भमा पूर्व प्रधानमन्त्री देउवाले भनेका छन् –'सरकारबाट मलाई तत्कालीन परिस्थितिमा चुनाव हुन नसक्ने भएकाले सार्न सल्लाह बक्सेको थियो ।'

देउवा सरकारका वरिष्ठमन्त्री चिरञ्जीवी वाग्लेले लेखकलाई सुनाए – 'चुनाव सार्न सिफारिस गरेपछि प्रधानन्त्री देउवाले मन्त्रीहरूसँग भन्नुभयो–सरकारबाट राजीनामा मागिबक्स्यो । मैले दिइन तर आज रेडियो नेपालको समाचारमा प्रधानमन्त्रीले चढाउनु भएको राजीनामा मौसुफबाट स्वीकृत गरिबक्सेको छ भनी दरबारको विज्ञप्ति आयो भने मैले के गर्ने ? षड्यन्त्रै षड्यन्त्र र दाउपेचको इतिहास बोकेको मुलुकमा जे पनि हुनसक्छ ।

नभन्दै राजाले भित्रभित्रै देउवालाई हटाउने गृहकार्य अघि बढाई सकेका थिए ।

विसं २०५९ असोज १८ गते शाही घोषणामार्फत संसदबाट निर्वाचित प्रधानमन्त्री देउवालाई बर्खास्त गरी राजाले कात्तिक २७ गतेका लागि तय भएको चुनाव स्थगित गरिदिए । शाही घोषणामा भनिएको थियो– 'अर्को व्यवस्था गर्न केही समय लाग्ने हुँदा सो व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार हामीमा निहित राखी मुलुकको शासनभार हामीबाटै ग्रहण गरिबक्सेका छौँ । नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवी भएका तथा आम निर्वाचनमा उमेद्वार नहुने व्यक्तिको नाम सुझाव गरी पठाई राजनीतिक दलहरूबाट सहयोग हुनेछ भन्ने विश्वास हामीबाट लिई बक्सेका छौं ।'

यसरी कांग्रेस पार्टी विभाजन भएको तीन महिनामै जनताको अधिकार दरबारमा पुग्यो । अनि राजाले आफू खुसी सरकार बनाउने र विघटन गर्ने अभ्यास सुरू गरे ।

असोज २५ मा पूर्वपञ्च लोकेन्द्रवहादुर चन्दको अध्यक्षतामा सरकार बनाए ।

१. राष्ट्रिय सहमतिको वातावरण बनाई माओवादीसँग वार्ता गर्ने ।
२. स्वतन्त्र निष्पक्ष र धाँधलीरहित ढंगबाट संसद् र स्थानीय चुनाव गराउने ।
३. भ्रष्टाचार निन्त्रण गर्ने ।
४. सुशासन कायम गर्ने ।
५ मित्र राष्ट्रहरूसँगको सम्बन्धलाई अझ सुमधुर बनाउने ।

चन्द सरकारको गठनसँगै राजा ज्ञानेन्द्रले सक्रियता बढाउँदै जाने रणनीति बनाए । देश भ्रमण गरी नागरिक अभिनन्दन लिन थाले । राजा आफ्नै नेतृत्वमा माओवादी समस्याको निकास होस् भन्ने चाहन्थे । तिनताका माओवादीको विश्लेषण थियो– 'संसदवादी दल कमजोर भएका छन् । शक्ति हातमा लिए पनि राजा धैरै समय टिक्नेछैनन् । यही मौकामा वार्ता गर्न सकियो भने आफूलाई स्थापित गर्न सकिन्छ' । यही ठानेर डा. बाबुराम भट्टराईको नेतृत्वमा माओवादीले

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरूको भलाइका लागि दौडधूप गर्नु पर्नेछ । घरायसी विवादपनि बढ्नेछ । चोटपटक पनि लाग्न सक्छ ।

**वृष** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धार्मिक/सांस्कृतिक सभा–समारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**मिथुन**:- बोलीको भरमा कार्य सम्पादन हुनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक यात्राको योगछ ।

**कर्कट** :- मनोरञ्जनका साथै धार्मिक कार्यमा रूचि बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । वस्त्र लाभ पनि हुनेछ ।

**सिंह**:- आज शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**कन्या** :- आजको दिन भाग्यशाली भएर देखा पर्नेछ । आ´नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । वैदेशिक क्षेत्रबाट सफलता र भौतिक साधन जुटाउने समय छ ।

**तुला** :- आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहान सुख पनि मिल्नेछ ।

**वृश्चिक** :- लाभ,हानी, आय,व्यय, सुख,दुख वरावरी मध्यम खालको दिन छ साथै प्रणयसम्बन्ध र रतिराग बढाउने समय छ । लाभदायक यात्रा पनि हुनसक्छ ।

**धनु** :- लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । समय प्रतिकुल भई कुलतमा मन जानसक्छ । झँ-झमेलाको अवस्था पनि आउला ।

**मकर**:- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । विद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरूको बिश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कुम्भ**:- शुभकार्यको चर्चा चल्नेछ । सुन्दर पहिरनले ब्यक्तित्त्वमा निखारता ल्याउनेछ । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । मुद्धा मामिलामा सफलता मिल्नेछ ।

**मिन** :- आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ । आ´नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । विशेष यात्रा हुनसक्छ ।

# ब्रम्हाकुमारी राजयोग उपसेवा केन्द्र भवन निर्माण गरिने

**फिरोज शेख**

लहान । लहान नगरपालिका-२४ स्थित गोविन्दपुरमा ब्रम्हाकुमारी राजयोग उपसेवा केन्द्रको भवन निर्माण गरिने भएको छ ।

स्थानीय जयराम साफीको सहयोग र दिपा वहनको चार वर्ष देखिको त्याग र सेवाभावले साफिकै घरमा सञ्चालित उक्त सेवा केन्द्रको भवन निर्माणका लागि राम मन्दिरको नाममा रहेको जग्गा उपसेवा केन्द्रको भवन निर्माणका लागि उपलब्ध गराउने भएको हो ।

उक्त जग्गामा सेवा केन्द्रको भवन निर्माणका लागि लहान नगरपालिकाका प्रमुख मुनि साह र वडा नम्बर २४ का वडाध्यक्ष कमलदेव यादवले संयुक्त रूपमा प्रतिबद्धता जनाए पछि भवन निर्माण हुने भएको हो । ब्रम्हाकुमारी उपसेवा केन्द्र लहान नगरपालिका-२४ गोविन्दपुरको आयोजनामा सम्पन्न चौथो वार्षिक उत्सव एवं शान्तिपद यात्रा कार्यक्रममा नगरप्रमुख साह र वडाध्यक्ष यादवले भवन निर्माणका लागि



प्रतिबद्धता जनाएका हुन ।

यसैबीच भवन निर्माणका लागि स्थानीय रामचरित्र साफीले ११ हजार एक सय रूपैयाँ, राम नारायण साफीले एक हजार ईटा, परमेश्वर शर्माले ११ हजार एकसय, राम नारायण शर्माले ५ हजार ५ सय ५५ र लक्ष्मीपुर पत्तारी गाउँपालिका-६ सितापुर ( प्रध ) का अहेव बेचु साफीले ५ हजार ५ सय ५५ रूपैयाँ नगद आर्थिक सहयोग गर्ने उदघोष गरेका थिए । ब्रम्हाकुमारी राजयोग सेवा केन्द लहानका अध्यक्ष सिर्जना दिदीको अध्यक्षतामा भएको चौथो वार्षिक उत्सव एवं शान्तिपद यात्रा कार्यक्रमको प्रमुख अतिथि लहान नगरपालिकाका नगरप्रमुख मुनि साह र विशिष्ट अतिथि लहान नगरपालिका-२४ नम्बर वडाका वडाध्यक्ष कमलदेव यादव रहेका थिए । कार्यक्रममा मिर्चैया सेवा केन्द्रबाट रेणु दिदी, सुखिपुरबाट सुनिता दिदि, विष्णुपुरबाट दुलारी दिदी र कटारीबाट नारायणी दिदी लगायत विभिन्न संघ संस्थाबाट प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन ब्रम्हाकुमार बबिन बस्नेतले गरेका थिए । चौथो वार्षिक उत्सवको शुभ अवसरमा शान्ति पदयात्रा, सांस्कृतिक कार्यक्रम तथा आध्यात्मिक प्रवचन पनि भएको थियो ।

## दुर्गम...

र 'टुकी' कै भरमा थिए ।

पूर्व पश्चिम राजमार्गको लहानबजारबाट १३ किलोमिटर उत्तर विकट क्षेत्रका ती गाऊका लागि नगरपालिकाले बिजुलीका लागि आर्थिक वर्ष २०७५/७६ को वडास्तरीय १५ लाख, २०७४/७५ मा नौ लाख बजेट खर्चिएको थियो । स्थानीयले डेढ लाख र तत्कालीन गाविसले दुई लाख खर्चेको थियो ।

विधुत प्राधिकरण लहान वितरण केन्द्रका प्रमुख जीतेन्द्र यादव, वडाध्यक्ष गडुल बहादुर मगर, कांग्रेस महाधिवेशन प्रतिनिधि दिपेन्द्र हमाल लगायतले रिबन काटेर विधुतको शुभारम्भ गरेका थिए ।

'रात परेपछि सोलारको भर पर्न बाध्य थियौं, वर्षायाम र जाडो मौसममा घाम नलाग्दा सोलार काम गर्दैनथ्यो' विद्युतीकरण उपभोक्ता समितिका अध्यक्ष गोपाल थापा मगरले भने 'सोलारले काम नगर्दा शिशीमा सलेदो हालेर महंगो मट्टितेल प्रयोग गरी टुकी बाल्नुपर्थ्यो, धेरै वर्षको प्रयासपछि बिजुली बलेपछि खुशी छौं ।' अन्धकारबाट टुकी र सोलारको प्रकाशले मधुरो उज्यालो भएपनि बालबालिकाको पठन पाठन र घरेलु कामकाजी महिलाले बिजुली नहूदाको पीडा धेरै भोगेको उनले सुनाए ।

खानेपानी र कृषिजन्य वस्तु उत्पादनका लागि सिँचाइ समस्या झेल्दै आएका ती क्षेत्रका बासिन्दाले विधुत सेवा बिस्तारसँगै कुवा र खोलामा मोटर जडान गरी घरमैं खानेपानी र सिँचाइको जोहो गर्न थालेका छन् ।

'विधुत सेवा विस्तार नहुदा खानेपानीका लागि साह्रै समस्या भोग्नुपरेको थियो, डेढ किलोमिटर पर कुवा र खोलाबाट पीउनेपानी ल्याउनुपर्थ्यो' उनले भने 'विधुत विस्तार भएपछि अव अध्यारो बस्ने दिन गएको छ, विधुत पुगेपछि खुशी छौं, कुवा र खोलामा मोटर जडान गरेर पानी तान्ने व्यवस्था गरेपछि आँगनमै पानी धारा जडान गरेका छौं ।'

गाउँमा विजुली पुगेपछि गाउँलेहरूले आय आर्जनका लागि तरकारी खेती गर्न हौसिएका छन् । विधुत सेवा नपुगेकै कारण तरकारी खेती गर्न नपाएका त्यस क्षेत्रका कृषकहरूले यसवर्षदेखि कृषि मिटर जडान गरी व्यावसायिक तरकारी खेती सुरू गर्न थालेका छन् ।

## सबैको साथ...

सम्पन्न भएको हुँदा आउने वर्षहरूमा समेत सबैको सहयोगको अपेक्षा राखेको बताउँदै उनले काम गर्ने क्रममा हुन गएका केही त्रुटिलाई प्रष्ट रूपमा औल्याई काममा सहजता प्रदान गर्न सबैसँग आग्रह गरे ।

गाउँपालिकाको कुनै पनि कार्यक्रम वा विकास निर्माणका योजनामा कसैलाई काँखा र पाखा गर्ने मनसाय नभएको प्रष्ट पार्दै उनले भेदभाव गरेको जस्तो कसैलाई लागेमा सिधै आफुनिर कुरा राख्न सुझाए । प्रक्रियागत सही गुनासो र सुझाव आए त्यसलाई व्यवहारमा लागू गर्न आफू पूर्ण प्रतिबद्ध रहेको उनले बताए ।

विपन्न देखि सम्पन्न वर्गको चौतर्फी विकास र गाउँपालिकाभित्र रहेका सबै बस्तीको विकासका लागि समावेशी तवरले योजना बनाई व्यवहारमा कानुनी प्रक्रिया अनुसार लागू गर्दै आएको उनले प्रष्ट पारे । विगतमा आफूनिर आएको गुनासोलाई हरसम्भव प्रयास गरेर व्यवस्थापन गर्दै आएको उनले दाबी गरे । केही कुराको तालमेल नमिल्दा गाउँसभा हुनमा ढिलाई भएको कुरालाई स्वीकार्दै प्रशासनिक, वडागत र अन्य प्राविधिक प्रक्रिया पुर्‍याएको दाबी गर्दै उनले अझ पनि कसैलाई गुनासो भए त्यसलाई सम्बोधन गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए ।

आपसी खिचातानीलाई छिचोल्दै हुन गएको चौथो गाउँसभाबाट पारित नीति तथा कार्यक्रमले पालिकाभित्रका धेरै विकासका योजनाहरू सम्पन्न हुने गाउँपालिका उपाध्यक्ष गुलावदेवी चौधरीले बताईन । उनका अनुसार विकास योजनाका साथै महिलाहरूको न्यायमा पहुँच अभिवृद्धि हुने खालका कार्यक्रम समेत ल्याएको उनले जनाइन् । विभिन्न बाधा व्यवधानलाई चिर्दै एकताबद्ध भएर सफलतापूर्वक गाउँसभा गराउन भुमिका खेल्ने सबै पक्षलाई धन्यवाद दिंदै नरहा गाउँपालिका-५ का वडाध्यक्ष हुकुमदेव यादवले एकता नै सबैभन्दा ठुलो शक्ति भएकोले आ-आफ्नो सकारात्मक सुझाव दिंदै सबैले एकताबद्ध भएर विकासको बाटोमा लाग्नुपर्ने कुरा औल्याए । २० हजार जनताको प्रतिनिधित्व गर्दै काम गर्ने क्रममा केही कमी कमजोरी भएको होला र हुनुपनि पर्छ त्यसलाई सच्याउनका लागि समयमै आमनागरिकले भूमिका निर्वाह गर्नुपर्ने उनको तर्क थियो ।

नरहा गाउँपालिका-४ का वडाध्यक्ष सुर्यनाथ यादवले गाउँपालिकाको कार्यशैलीलाई लिएर कसलाई कस्तो गुनासो छ त्यसले खुलेर बोल्नुपर्ने बताए । तर्क र न्यायसँगत कुरा नगरेर भित्रभित्रै समूह बनाएर बाधाव्यवधान गर्ने प्रवृत्ति ठिक नभएकोले त्यसलाई त्यही तरिकाबाट व्यवस्थापन गर्दै चौतर्फी विकास हुने गरी योजनाका साथ अघि बढ्न कार्यपालिकालाई उनले

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# लहानमा 'बजाजको डोमिनार २५०'



**लहान ।** बजाजको लागि नेपालका आधिकारिक वितरक हन्सराज हुलासचन्द एण्ड कम्पनी प्राली र लहान क्षेत्रका लागि आधिकारिक विक्रेता मनकामना ट्रेड लिंक ( बजाज मोटरसाइकल शो रूम ) ले नयाँ बजाज डोमिनार २५० मोटरसाइकल लहान बजारमा भित्र्याएको छ ।

मनकामना ट्रेड लिंकले आयोजना गरेको एक कार्यक्रमका बीच शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक ( संचारकर्मी ) फिरोज शेखको हातबाट बजाज डोमिनार २५० मोटरसाइकल सार्वजनिक गरेका छन । बजाज डोमिनार २५० मा २४८.७७ सीसी एफआई इन्जिनको पावरका साथै एकल-सिलेन्डर, लिक्विड-कुल्ड, ट्युनस्पार्क, ४-स्ट्रोक, ४-भल्भ र डीओएचसी छ । डोमिनार २५० मा १ सय ३२ किलोमिटर प्रतिघण्टासम्मको गति रहेको मनकामना ट्रेड लिंकका संचालक शंकर चौधरीले जानकारी दिएका छन ।

उनका अनुसार बजाज डोमिनार २५० मोटरसाइकल १०.५ सेकेन्डमा ०-१०० किमि प्रतिघण्टाको गतिसम्म कुद्न सक्ने कम्पनीले जनाएको छ । नेपाली बजारमा बजाज डोमिनार २५० को मूल्य ४ लाख ८९ हजार ९ सय रूपैयाँ तोकिएको छ । यो मोटरसाइकल क्यान्योन रेड र चार्कोल ब्ल्याक रङ्मा लहानमा उपलब्ध रहेको बताउँदै बजाज डोमिनार २५० मा बिम-टाइप पेरिमिटर फ्रेममा बनाइएको जानकारी दिए । बजाज डोमिनार २५० मा सेकेन्डरी डिस्प्लेलाई ट्रिपको टाइम र जानकारी प्रदान गर्ने हिसाबले तयार पारिएको कम्पनीले बताएको छ ।

चालकको सुरक्षाका लागि लामो दूरीको यात्राका दौरान गियरलाई सुरक्षित राख्ने काम सिटको मुनि रहेको बन्जी स्ट्राप्सले गर्ने कम्पनीको तर्क छ ।

# कबर्ड हल उदघाटन



**सिरहा ।** नगरपालिकालाई खेलकुद हव बनाउने योजना सहित खेलकुदमा लगानी गरेको गोलबजार नगरपालिकाले नवनिर्मित कबर्डहलको आइतबार एक समोराहका बीच उदघाटन गरिएको छ । नगरप्रमुख देवनाथ साहले नगरपालीका निर्मित गोलबजार कबर्डहलको आइतबार उदघाटन गरेका हुन् । नगरपालिकाले एक करोड ६५ लाख रूपैयाँको लागतमा कबर्डहल निर्माण गरेको थियो । कर्बडहल उदघाटन गर्दै नगरप्रमुख साहले युवाहरूलाई कुलतबाट बचाउँदै स्थानीय स्तरबाट राष्ट्रिय खेलाडीहरू उत्पादन गर्ने उद्धेश्य सहित खेलकुद पूर्वाधारमा लगानी गरेको बताएका छन् । नगरप्रमुख साहले गोलबजार नगरपालिकाले फूटवल, कराँते, क्रिकेट, व्यडमिन्टन खेलका खेलाडीहरू उत्पादन गर्ने योजना साथ नगरले काम गरिरहेको बताए ।

'हामीले आज एक करोड ६५ लाखको रूपैयाँ लगानीमा निर्मीत कबर्ड हल उदघाटन गऱ्यौं उनले भने, 'ठूलो लगानीमा फूटबल रङ्शाला निर्माण भईरहेको छ, यसैले खेलकुदमा नगरको लगानी देखाइसकेको छ ।'

खेलकुदका कारण युवाहरू कुलतबाट जोगिने र नगरमात्र हैन भविष्यका देशकै नाम रोशन गर्न सक्ने नगर प्रमुख साहले बताए । उनले भने, 'अहिले युवाहरू विभिन्न खालका कुलतमा फँसिरहेका छन्, उनीहरूलाई हामी खेल तर्फ आकर्षित गरिरहेका छौं ।'

मन्तव्यकै क्रममा नगरपालिकाले कबर्डहललाई निःशुल्क जिम सेन्टरको रूपमा विकास गर्ने योजना रहेको पनि सुनाए । उनले कबर्ड हल सवैको सम्पत्ति भएकाले यसलाई सबैले मायाँ र सुरक्षा दिनुपर्ने बताए ।

उदघाटन समारोहमा नगरपालिकाका उपप्रमुख रेशम कुमारी थापा, सुरक्षा निकायका प्रमुखहरू, नगरपालिकाका पदाधिकारीहरू, व्यवसायी, बुद्धिजिवी तथा खेलप्रेमीहरूको उपस्थिति रहेको थियो ।

## सबैको साथ...

आग्रह गरे । नरहा गाउँपालिकाको सडक, सिँचाइ, शिक्षा, स्वास्थ्य, कृषि, स्वरोजगार तथा अन्य विकाससँगै दक्ष जनशक्ति उत्पादन गर्नमा सहयोग पुग्ने गरी आर्थिक वर्ष २०७७/०७८ को लागि ३७ करोड ८१ लख रूपैयाँको बजेट, नीति तथा कार्यक्रम चौथो गाउँसभाबाट पारित भएको प्रमुख प्रशासकिय अधिकृत सुजित कुमार यादवले बताए । कार्यपालिका र प्रशासनिक वतावरण नमिलेर गाउँसभा हुनमा ढिलाई भइरहेको अवस्थामा हाजिर भएकै दिन देखि नियमित रूपमा गरिएको प्रयासले सोचेको भन्दा कम समयमा सकारात्मक परिणाम आएर चौथो गाउँसभा सम्पन्न भएको बताउँदै उनले गाउँपालिकाभित्रका जनताको हरेक गुनासोलाई प्रशासनिक तवरले सुनुवाइ गर्न प्रयास गरिने उनले प्रतिबद्धता जनाए । कानुनी प्रक्रियालाई टेकेर गाउँ कार्यपालिकाले पारित गर्ने हरेक नीति तथा कार्यक्रमलाई प्रशासनिक तवरबाट व्यवहारमा कार्यान्वयन गर्न आपूले समन्वयकारी भूमिका निर्वाह गर्ने विश्वास दिलाए । गाउँपालिका अध्यक्ष रामशरण यादवको अध्यक्षतामा भएको चौथो गाउँसभा समारोहमा वडाध्यक्ष, कर्मचारी, समाजसेवी, बुद्धिजीवी तथा अन्य सरोकारवालाहरूको सहभागीता रहेको थियो । २८ सदस्य गाउँ कार्यपालिका मध्ये अधिकांशको उपस्थिति र हस्ताक्षरले गाउँसभा भएको जनाइएको छ ।

## त्यो विघटन...

संभौता गर्ने म्यान्डेटसहित टोली खटाएको थियो ।'

यस सन्दर्भमा पूर्वप्रधानमन्त्री भट्टराईले लेखकलाई सुनाएका थिए - 'पहिला राजासँग संभौता गर्ने अनि संसद्वादी दलसँग मिलेर राजतन्त्रलाई कमजोर पार्ने र संविधान सभातिर जाने हाम्रो राणनीति थियो । राजा ज्ञानेन्द्रको मूर्खताले गर्दा उनले मसँग भेट्नै चाहेनन् ।'

वार्ता भंग भयो । माओवादीहरू पुनः भूमिगत भए । चुनाव हुन सकेन । आफूलाई दिइएको जिम्मेवारी पूरा नभएपछि सात महिनामै (२०६० चैत्र १६) चन्दले राजीनामा दिए । चन्द सरकार वर्हिगमन भएको २६ दिनपछि जेठ २१ गते राजाले सूर्यवहादुर थापालाई प्रधानमन्त्री नियुक्त गरे । सबै दल मिलाएर सर्वदलीय सरकार बनाउने, माओवादीसँग वार्ता गर्ने र शान्ति कायम गरी चुनाव गराउने जिम्मेवारी थापा सरकारलाई थियो । तोकिएको काम समयमै पुरा गर्न नसकेपछि २०६१ वैशाख २५ गते थापाले पनि राजीनामा गरे ।

अनि जेठ २० गते संविधानको धारा १२७ बमोजिम राजाले नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति देउवालाई प्रधानमन्त्री बनाए । आफ्नो नियुक्तिलाई देउवाले पूर्ववर्ती सरकारको पुनर्बहालीका रूपमा व्याख्या गरे । राजा ज्ञानेन्द्रसँग शपथ ग्रहण गरेर फर्किने क्रममा दरबारको पश्चिम ढोकामा पत्रकारहरूसँग उनले भनेकाथिए - 'गोखाली राजाबाट न्याय पाएँ ।' नेकपा (एमाले) पनि 'प्रतिगमन आधा सच्चिएको' विश्लेषणसहित सरकारमा सहभागी बन्यो । यसरी देउवाको पुनः नियुक्तिसँगै राजाको प्रतिगामी कदमविरूद्धको संसदीय दलहरूको आन्दोलन कमजोर बन्यो । उता, देउवाको नेतृत्वमा बनेको सरकारलाई सात महिना पुग्दा नपुग्दै २०६१ माघ १९ गते अपदस्थ गरी राजा ज्ञानेन्द्रले कार्यकारी अधिकार आफ्नो हातमा लिए । *साभार : बाह्रखरीबाट*


# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काल नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)